# कविलासी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १ मिति : २०७७/११/२०

## भाग-२

## कविलासी नगरपालिका


कविलासी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७७ को दफा ४ बमोजिम कविलासी नगरपालिका, नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको रणनीतिक योजना सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।


**संवत् २०७७ सालको योजना नं. १**

# विद्यालय शिक्षा विकास कार्यक्रम (२०१६-२०२३)
# समता रणनीति कार्यान्वयन योजनाको प्रारम्भिक खाका

(Equity Strategies Implementation Plan ESIP)

**२०७६/७७ – २०८०/०८१**






## भूमिका

नेपाल एक भौगोलिक, सामाजिक, आर्थिक सांस्कृतिक अवस्थामा विविधता भएको मुलुक हो । यहाँको भौगोलिक ,सांस्कृतिक अवस्थाको फरकपन सँगै व्यक्ति र समाजको फरक साँस्कृतिक र आर्थिक अवस्था रहेको छ । नेपाल अति कम विकसित राष्ट्रको स्तरबाट माथि उठने दूर दृष्टिका साथ विभिन्न शैक्षिक योजना तथा कार्यक्रमहरु मार्फत शिक्षामा सबैको पहुँच, सहभागिता, गुणस्तर, सिकाई उपलब्धिको

सुनिश्चित गर्ने निरन्तर प्रयास गरिरहेको छ । नेपालले हालसम्म शिक्षामा गरेको योजनाको प्रयासबाट पाठ सिक्दै विभिन्न कार्यक्रम मार्फत बालबालिकाहरुको पहुँच, सहभागिता र गुणस्तरको अभिवृद्धिमा जोड दिइरहेको छ ।

नेपालको संविधान २०७२ ले माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिएको छ । शिक्षाको योजना मार्फत स्थानीय तहको स्थिति चित्रण गर्न आवश्यक्ता पहिचान गर्न, रणनीतिक योजनाहरु बनाउन सूचक तथा सूचकाङ्कको विकास गरि योजनाको लक्ष्य मापन गर्न तथा आम्दानी तथा स्रोतको पहिचान र व्यवस्थापन गर्न/गराउने यस नगरपालिकाले समता रणनीतिक योजना निर्माण गरेको छ । यो योजनाको मुलभुत पक्षहरु लाई नगर शिक्षा योजनामा समेटी आवश्यक थप रणनिति बनाइने छ ।

यस योजनालाई तिन खण्डमा विभाजन गरिएको छ । पहिलो खण्डमा योजनाको पृष्ठभूमि, यस नगरपालिकाको परिचय, वस्तुस्थितिको विश्लेषण गरिएको छ । दोस्रो खण्डमा बालविकास केन्द्रसँग सम्वन्धित विश्लेषण, रणनीति, कार्यक्रम, लागत अनुमान, अनुगमन तथा मूल्याङ्कनका पाटाहरु लाई संवोधन गरिएको छ । तेस्रो खण्डमा भने अधारभूत तहको कक्षा (१–८) सम्मका जानकारीहरु दिएको छ । घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई नै तथ्याङ्कको मुलस्रोत को रुपमा लिएको छ ।

## कृतज्ञता ज्ञापन

जातिय, लैगिक, भाषिक, सामाजिक, पेशा, धर्म, आर्थिक अवस्था, आपाङ्गता जस्ता विभेदलाई कम गर्न शिक्षामा समता रणनीतिक ल्याइएको हो । यो योजना निर्माणमा प्रत्यक्ष र परोक्ष सहयोग गर्नु हुने नगरपालिकाका प्रमुख श्री कौशल किशोर यादवज्यू, उपप्रमुख श्री राधा देवीज्यू, प्रमुख प्रशासकीय अधिकृत श्री श्याम किशोर रायज्यू, सबै वडाअध्यक्षज्यूहरु धन्यवादका पात्र हुनुहुन्छ । यो योजना निर्माण गर्न गठित समिति, यस नगरपालिका अन्तर्गतका सबै विद्यालयका प्रधानाध्यापक, शिक्षकहरु र वालविकाश सहयोगी कार्यकर्ताहरु धन्यावादका विशेष पात्रहरु हून ।

नेपाल सरकारसँग साझेदारीको रुपमा काम गर्ने युनिसेफ नेपाल, विश्वशिक्षा नेपाललाई धन्यवाद दिन चाहन्छौ । अन्त्यमा यो योजना निर्माणको क्रममा विशेष सहयोग गर्नु हुने श्री शंकर बहादुर थापा, श्री संवेदन कोइराला, श्री संजय कुमार पासीलाई हृदयदेखि अभार व्यक्त गर्न चाहन्छौ ।

# अध्याय-१: परिचय

## १.१ कविलासी नगरपालिकाको परिचय :

प्रदेश नं.२ तथा सर्लाही जिल्लाको केन्द्रमा अवस्थित कविलासी नगरपालिका साविकका पाँच गा.वि.स.(कविलासी, जमुनिया, पिपरिया, सलेमपुर र हेमपुर) मिलेर बनेको हो । १० वटा वडाहरुमा विभाजन भएको यो नगरपालिका हालसम्म नेपालमा घोषणा भएको ७५३ स्थानीय तहमध्ये सवै भन्दा कान्छो नगरपालिकाको रुपमा रहेको छ । विभिन्न जातजाति, धर्म, संस्कृतिको प्रगाढ एकता रहेको यो नगरपालिका नेपालको प्रमुख राजमार्ग पूर्व पश्चिम महेन्द्र राजमार्ग र सर्लाही जिल्लाको सदरमुकाम मलंगवा जोड्ने प्रमुख सडक मलंगवा-नवलपुर सडक खण्डमा अवस्थित छ । यस नगरपालिका क्षेत्रभित्र सर्लाही जिल्लाकै सवैभन्दा प्रसिद्ध धार्मिक एतिहासिक तथा पर्यटकीय स्थान लगायत मन्दिरहरु जस्तै चमेलीमाई, गढीमाई र सर्लहीयामाईको उपस्थिति पनि यस नगरपालिकाको समृद्धि र उत्थानका निमित्त ठूलो वरदानको रुपमा लिइएको छ । यस नगरपालिमा  मधेशी, ब्राहमण, क्षेत्री, जनजाती, मुस्लिम र अन्य जातजातीको समिश्रण सहित मिश्रित जातजातीको वसोबास रहेको छ ।

## खण्ड १.२ कानूनी व्यवस्था :

नेपालको संविधान २०७२ को भाग ३ को धारा ३१ मा शिक्षा सम्वन्धि मौलिक हक रहेको छ । जसमा नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ । आधारभूत तह सम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हनेछ  । अपाङ्ग भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निशुल्क उच्च शिक्षा पाउने हक, दृष्टिविहिनलाई ब्रेललिपि तथा बहिरा र स्वर बोलाई सम्वन्धि अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाका माध्यमबाट कानून बमोजिम निशुल्क शिक्षा पाउने हक हुनेछ ।  नेपालको संविधान २०७२ मा मौलिक हकहरुमा शिक्षा सम्वन्धि गरिएको विशेष व्यवस्थाले पनि यो योजना निर्माणमा विशेष ध्यान दिएको छ । संविधानको भाग ४ मा राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व सम्वन्धि धारा ५१ मा नागरिकका आधारभूत आवश्यक्ता सम्वन्धि नीतिहरुमा शिक्षा सम्वन्धि ४ वटा प्रमुख नीतिहरुलाई प्राथमिकता साथ उल्लेख गरेको छ । नेपाल सरकारले दिगो विकासका लक्ष्यहरु मध्यको लक्ष्य ४ को समावेशि तथा गुणात्मक शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाईका अवसरहरु प्रदान गर्न स्थानीय सरकारलाई दिएको अधिकारलाई सुनिश्चित गर्न कविलासी नगरपालिकाले यो योजना निर्माण गरेको हो । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ज) मा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एंव संचालनको अधिकार प्रदान गरिएको छ । संविधानले दिएको अधिकारलाई आत्मसात गर्दै यो योजना तयार पारिएको हो ।

## खण्ड १.३ समता रणनीति कार्यान्वयन योजनाको मुख्य उद्देश्यहरु :

– विद्यालय जाने उमेर समूह (३ वर्ष देखि १६ वर्ष) का बालबालिकाहरुको विद्यालयमा अर्थपूर्ण पहुँच, सहभागिता र सिकाई नतिजामा जोड दिने ।

– शिक्षामा बालबालिकाहरुको (१)पहुँच, (२) सहभागिता/टिकाउ तथा (३) सिकाई नतिजाका क्षेत्रमा विद्यमान रहेका असमानतालाई न्यूनिकरण गर्ने ।

– समता आयामहरु : १. लैङ्गिकता २. सामाजिक, आर्थिक अवस्था ३. भौगोलिक अवस्थिति, ४. स्वास्थ्य र पोषण ५.अपाङ्गता, ६.जातीयता ७.भाषा र ८.कठिन परिवेशमा रहेका बालबालिकाहरुको शिक्षामा समतामुलक पहुँच एवं सहभागिता अभिवृद्धि गराउदै समतामुलक सिकाई नतिजा तर्फ उन्मुख गराउने ।

## खण्ड १.४ समता रणनीति कार्यान्वयन योजनाको औचित्य :

– शिक्षाको पहुँचबाट बञ्चित बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चितता ,विद्यालयमा अर्थपूर्ण सहभागिता र सिकाई नतिजामा जोड दिन ती बञ्चित समुह, समुदायका बालबालिकाहरुलाई समता रणनीतिले सम्बोधन गर्नेछ ।

– आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको स-सम्मान प्रवेश, शिक्षा पद्धतिको सामाजिक र शैक्षिक प्रक्रियाहरुमा सुरक्षा र स्वीकृतिको अनुभूति सहितको सक्रिय सहभागिता र बालबालिकाको अन्तर्निहित क्षमता, आवश्यक्ता र परिवेश अनुसार सफल जीवनयापनका लागि आवश्यक सीपहरुको विकास गर्न यस योजनाले सम्वोधन गर्नेछ ।

– समता सूचकका आठ वटै आयामहरुलाई सम्वोधन गर्न समाजमा व्याप्त विभिन्न तहका असमानतालाई सम्बोधन गर्न र शिक्षामा बञ्चितिकरणमा पारिएका समूह र समूदायलाई सम्वोधन गर्न समता रणनीतिले प्रभावकारी भुमिका खेल्न सक्ने सम्भावना देखिन्छ ।

– यस नगरपालिकाका आधारभूत र माध्यमिक शिक्षामा शैक्षिक पहुँच र लैङ्गिक समानतामा असमानता देखिन्छ । लैङ्गिक, सामाजिक, आर्थिक अवस्था तथा जातजाति एवम् विभिन्न क्षमता भएका बालबालिकाहरुमा अहिले पनि शिक्षाका पहुँचमा छैनन् । शिक्षामा पहुँच नभएका लाई सहभागिता र सिकाईको अवसर दिने उदेश्यले समता रणनीतिको आवश्यक भएको हो । विद्यालय भन्दा वाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरुलाई विद्यालयमा टिकाई राख्न र सिकाई पश्चात बजारमा विकाउने उदेश्यलाई पूरा गर्न समता रणनीति कार्यान्वयन योजना बनाइएको हो । लैङ्गिकता, अपाङ्गता, भाषा, जातियता, स्वास्थ्य पोषण, भौगोलिक अवस्थिति, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण पहुँच, सहभागिता र सिकाई उपलब्धिमा सुधार ल्याउने यस रणनीतिको औचित्य हो ।

## खण्ड १.५ योजना निर्माण प्रकृया, तथ्यांकको स्रोत, शिक्षा योजना विचमा सम्वन्ध :

यस नगरपालिकाको वार्षिक शिक्षा योजनामा पनि सवैलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्ने साक्षर नगर घोषणा गर्ने, अल्प संख्यक, पिछडा वर्गलाई शिक्षा प्रदान गर्ने, धार्मिक विद्यालयहरुलाई

राष्ट्रिय मूलधारमा ल्याइ सबैलाई शिक्षाको अवसर प्रदान गर्ने उद्धेश्य भएकोले यो समता रणनीति कार्यान्वयन योजना र नगर शिक्षाको योजनाको विचमा घनिष्ट सम्बन्ध रहेको छ ।

यस कविलासी नगरपालिकाको शिक्षा शाखाको सक्रियतामा यस कविलासी नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयका बालशिक्षिकाहरुलाई खटाई वडागत रुपमा घरधुरी सर्वेक्षण, तथ्याङ्क संकलन गरियो । कविलासी नगरपालिकाले योजना निर्माण गर्न समिति गठन गरी योजना निर्माणसँग सम्वन्धित हरेक निर्णयलाई कार्यान्वयन गर्न र शिक्षा समितिबाट पारित गर्ने/गराउने काम पनि गरियो । शैक्षिक समस्याको पहिचान, प्राथमिकिकरण तथा योजना निर्माणमा सहयोग गर्न छलफल तथा अन्तरक्रियात्मक कार्यक्रमहरु पनि गरियो ।

## खण्ड १.६ स्थानीय तहको शैक्षिक अवस्थालाई पहुँच, सहभागिता र सिकाई उपलब्धिमा स्थानीय, प्रदेश र संघीय विचमा वर्गीकरण :

यस नगरपालिकाको हालको अवस्थालाई चित्रण गर्न विद्यालय क्षेत्रिय सुधार योजनाले अघि सारेका राष्ट्रिय सूचकहरुलाई मुख्य अधार मानियो । यसरी अवस्था पहिचान गर्दा यस नगरपालिकाको अवस्थालाई प्रदेश र संघीय तहसंग तुलना गरियो । सुचकलाई पहुँच, सहभागिता र सिकाई गरी तिन भागमा गरियो । जसलाई तपसिल बमोजिम देखाइएको छ ।

तालिका नं.१ नगरपालिकाको हालको अवस्थालाई प्रदेश र संघीय सरकारसंग तुलना गर्दा

| | Key Performance Indicators-Sarlahi Kabilasi Nagarpalika | | | | |
|---|---|---|---|---|---|
| 1 | Access | Baseline national (2019/20) | Baseline provincial (2019/20) | Baseline municipal (2019/20) | National target |
| 1.1 | % of grade 1 new entrants with ECED/PPE experience | | | | 68.5 |
| 1.2 | Gross intake rate in grade 1 | 121.9 | 117.33 | 101.59 | 130.5 |
| 1.3 | Net intake rate in grade 1 | 96.9 | 96.30 | 96.91 | 95 |
| 1.4 | GER of basic (grades 1-5) | 119.2 | 111.37 | 114.51 | 130.5 |
| 1.5 | Net enrolment ratio (NER) in basic education (grades 1-5) | 97.1 | 96.64 | 96.79 | 97.5 |
| 1.6 | GER of basic education (grades 1-8) | 110.4 | 97.36 | 94.54 | 118 |
| 1.7 | NER of basic education (grades 1-8) | 93.4 | 84.26 | 80.01 | 94 |
| 1.8 | Gender parity index (GPI) in NER in basic education (grades 1-8) | 0.98 | 0.96 | 0.95 | 1 |
| 1.9 | No of out of school children in basic education (age 5-12) | 214482 | 22388 | 111 | |
| 1.10 | GER in grades 9-12 | 71.4 | 55.17 | 46.59 | 72 |
| 1.11 | NER in grades 9-12 | 47.6 | 41.87 | 44.48 | 45 |
| 1.12 | GPI in NER in grades 9-12 | 1.01 | 0.94 | 0.82 | 1 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1.13 | Number of students enrolled in technical subjects in grades 9-12 | | | | | 72540 |
| 2 | participation | | | | | |
| 2.1 | Survival rate for grade 8 | | 79.3 | 77.5 | 77.8 | 86 |
| 2.2 | Completion rate for basic education level | | 72.7 | 72.7 | 71.3 | 78.5 |
| 2.3 | Survival rate to grade 10 | | 60.3 | 63.3 | 61 | 50 |
| 2.4 | Survival rate to grade 12 | | | | | 18 |
| 2.5 | % of female teachers in basic level | | 43.73 | 28.17 | 10.83 | 42 |
| 2.6 | % of female teachers in secondary level | | 20.62 | 12.90 | 4.35 | |
| 3 | Learning Outcomes | | | | | |
| 3.1 | Students' learning achievement scores (%) in Grade 5 | Maths | | | | 52 |
| | | Nepali | | | | 54 |
| | | English | | | | 53 |
| | | Science | | | | |
| 3.2 | Students' learning achievement scores (%) in Grade 8 | Maths | | | | 48 |
| | | Nepali | | | | 52 |
| | | English | | | | |
| | | Science | | | | 49 |

माथिको तालिकामा तिन तहकै तथ्याङ्कलाई विश्लेषण गर्दा यस कविलासी नगरपालिका पहुँच र सहभागितामा कमजोर रहेको देखिन्छ । विद्यालयहरुमा न्यून शिक्षक संख्या र अधिक विधार्थी रहनु, विशेष गरी गरिब विद्यार्थीहरु सामुदायिक विद्यालयमा भर्ना भए पनि विद्यालयमा अध्ययनलाई निरन्तरता दिन सकिरहेका छैनन् । सिकाई उपलब्धि पनि कम रहेको छ । राष्ट्रिय लक्ष्यमा पुग्न निकै कडा मेहनत गर्नु पर्ने देखिन्छ ।

## खण्ड १.७ समता रणनीति कार्यान्वयन योजनाको खाकाबारे जानकारी :

समता रणनीति कार्यान्वयन योजना यस कविलासी नगरपालिकाले योजना निर्माणको १० वटा चरणहरुलाई अवलम्बन गर्दै तयार गरिएको हो । यस नगरपालिकाको १० वटै वडालाई लक्षित गरी तयार पारिएको यस योजना ती सबै वडाहरुमा गरिएको घरधुरी सर्वेक्षण र फ्ल्यास रिपोर्टबाट प्राप्त तथ्यांक लाई आधार मानेर यसको योजना तर्जुमा गरिएको हो । ३ वटा अध्यायमा विभाजित योजनाको खाकामा पहिलो अध्यायमा पालिकाको वस्तुस्थिति योजनाको उद्देश्य, औचित्य, वर्तमान शिक्षामा कानून व्यवस्था, स्थानीय, प्रदेश र राष्ट्रिय स्तरको शिक्षा सूचकका तुलनात्मक अध्ययन गरिएको छ । त्यसैगरी अध्याय-२ मा बालविकास केन्द्र र पूर्वप्राथमिक तह सम्मको शैक्षिक अवस्था । चुनौतीहरु र ती चुनौतीहरुलाई सम्बोधन गर्न सम्भावित रणनीति कार्यक्रमहरु अनुमानित लागत, स्रोतको व्यवस्थापन, कार्यक्रमको समता रणनीतिक सम्बोधन गर्ने पाटो र अनुगमन लाई समेटेर गरिएको छ । त्यसैगरी अध्याय-३ मा आधारभूत तह शिक्षाको शैक्षिक अवस्था, चुनौतीहरु र ती चुनौतीलाई सम्बोधन गर्न सम्भावित रणनीति कार्यक्रम, अनुमानित लागत, स्रोतको व्यवस्थापन, कार्यक्रमले समता रणनीतिको सम्बोधन गर्ने पाटो अनुगमनलाई समेटिएको छ ।

# अध्याय–२ बालविकास केन्द्र पूर्वप्राथमिक केन्द्र

## खण्ड २.१ बालविकास केन्द्रको विद्यमान अवस्था :

यस कविलासी नगरपालिकामा १६ वटा सामुदायिक विद्यालयहरु रहेका छन् । जस मध्य ९ वटा विद्यालयहरुमा बालविकास केन्द्रहरु रहेका छन् । ती सबै बालविकास केन्द्रमा महिला सहजकर्ता उपलब्ध रहेका छैनन् । ५ वटा विद्यालयमा मात्र महिला सहजकर्ता रहेका छन् । अन्य विद्यालयहरुमा आ.व.२०७७/०७८ देखि बालविकास केन्द्रको स्थापना गरी नगरपलिकाको आन्तरिक स्रोतबाट विद्यालयलाई एकमुष्ट अनुदान उपलब्ध गराएर त्यसमा कार्यरत सहजकर्ताको तलब भत्ताको व्यवस्था गर्ने छ । पहुँच र सहभागिता ३ देखि ५ वर्ष उमेर समूहका जम्मा बालबालिकाको ६० प्रतिशत बालबालिकाहरू बालविकास केन्द्रको पहुँचमा रहेका छन् । जसमा हाल छात्र छात्रा गरी जम्मा बालबालिकाहरु अध्ययनरत रहेका छन् । बालविकास केन्द्रमा शतप्रतिशत पहुँच पुर्याउन यसै आ.व.देखि सम्पूर्ण बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउने यस कविलासी नगरपलिकाको योजना रहेको छ ।

शैक्षिक सत्र २०७७ को तथ्यांक अनुसार यस नगरपालिकामा जम्मा ५ वटा विद्यालयहरूमा बालविकास केन्द्र रहेका छन् । समुदायमा आधारित बालविकास केन्द्र रहेका छैन । अधिकांश विद्यालयहरूमा महिला सहजकर्ता रहेका छन् ।

## खण्ड २.२ स्थानीय तहमा भएका बालविकास केन्द्र र पूर्वप्राथमिक केन्द्रहरूको चुनौतीहरु :

१. सबै विद्यालयहरुमा बालविकास केन्द्र नहुँदा बालबालिकाको पहुँच नहुनु ,

२. विद्यालयमा बाल विकास केन्द्र सुविधा सम्पन्न नहुनु

३. सहजकर्ता तालिम प्राप्त नहुनु

४. बालविकास केन्द्र बालमैत्री नहुनु

५. खानेपानी र शौचालयको राम्रो व्यवस्था नहुनु

६. भित्रि र बाहिरी खेल सामाग्री नहुनु

## खण्ड २.३ रणनीति र कार्यान्वयन

बालविकास केन्द्र र पूर्वप्राथमिक केन्द्रहरूको चुनौतीहरुलाई कार्यान्वयन गर्न अपनाईएका रणनिती, तरिका तथा कार्यक्रमहरु ।

| रणनीति | तरिका | कार्यक्रम | समता रणनीतिको पाटो | लक्षित समुह | प्राथमिकता |
|---|---|---|---|---|---|
| पोषण ,बालविकास र बालअधिकारको बारेमा अभिभावकहरूलाई सचेत गर्ने । | पोषण, बालबिकास तथा बाल अधिकारको बारेमा अभिभावकहरूलाई सचित गरी गर्भ देखि ४वर्ष उमेर समूहका बालबालिकाको विकासलाई सुनिश्चित गर्नेछ । | १. पोषण, बालविकास तथा बालअधिकारको विषयमा अभिभावकलाई सचेत गर्ने<br>२. सबै बाल विकास केन्द्रमा दिवा खाजाको व्यवस्था गर्ने<br>३. बाल बालबालिकाको स्वास्थ्यको लागी नियमित खोपसेवा तथा स्वास्थ्य परीक्षण अनिवार्य गर्ने र जन्म दर्ता भए(नभएको सुनिश्चित गर्ने<br>४. सबै बाल विकास केन्द्रमा पोषण कर्नर अनिवार्य गर्ने । | पहुँच | अभिभावक | दोस्रो<br>पहिलो<br>पहिलो<br>पहिलो |
| एक विद्यालय मदरसाको अभिन्न अङ्क रूपमा विकास गरी ३ देखि ५ वर्ष उमेर समूहका बालविकास केन्द्रमा पहुँच पुर्याउने | १. बालविकास केन्द्र नभएका विद्यालयहरूमा बालविकास केन्द्र स्थापना गर्ने सरकारद्धारा सञ्चालित बालविकास केन्द्रहरूको व्यवस्थापनमा सुधार गरी सबै बालविकास केन्द्र उमेर समूहका बालबालिकाको पहुँचको सुनिश्चितता गरिनेछ।<br>२. एक विद्यालय एक बालविकास अवधारणा लागू गर्ने, बालविकास केन्द्रलाई सुविधा सम्पन्न बनाउने | १. आवश्यकता पहिचान गरी विद्यालय मदरसा बालविकास केन्द्र स्थापना तथा व्यवस्थापन गर्ने<br>२. सघन भर्ना अभियान सञ्चालन गर्ने<br>३. प्रारम्भिक सिकाए विकासका मापदण्ड लागू गर्न बालविकास शिक्षकहरूको तालिम गर्ने | पहुँच | बालबालिक ा | पहिलो<br>पहिलो<br>दोस्रो |
| बालविकास केन्द्रका | १. बिद्यालयमा स्थापना हुने र भइरहेका | १. नयाँ बाल विकास केन्द्रका लागी सहजकर्ता | सहभागिता | बालबालिक | दोस्रो |

| | | | | | |
|---|---|---|---|---|---|
| सहजकर्ताहरूको क्षमता अभिवृद्धि गरी सिकाई क्रियाकलापलाई गुणस्तरीय बनाउने<br>बाल विकास केन्द्र प्राप्त मनोरञ्जनात्मक सिकाई सामग्रीहरूको व्यवस्था गर्ने<br>बाल विकास केन्द्रमा सुशासन तथा पारदर्शी बनाइ अभिभावकहरूको सहभागिता बढाउने | बालविकास केन्द्रका सहजकर्ताको क्षमता विकास गरी सिकाई क्रियाकलापलाई सुधार गर्नेछ<br>२. बाल विकास सिकाई केन्द्रको अवस्था हेरी बसाई तथा सिकाई सामग्रीहरूको व्यवस्था गर्नेछ<br>३. बालविकास केन्द्र उमेर समूहका सबै बालबालिकाको चौतर्फी विकासको सुनिश्चित गर्नेछ।<br>४. बालविकास केन्द्रलाई आकर्षक र पर्याप्त मनोरञ्जनात्मक सिकाई सामाग्रीको व्यवस्था गरी बालबालिकाको नियमितता गर्नेछ।<br>५. व्यवस्थापन समितिलाई क्रियाशील बनाई केन्द्रहरूको रेखदेख तथा व्यवस्थापनमा जिम्मेवार बनाइनेछ बाल विकास केन्द्रहरूको तथ्यांक तथा सिकाई सामग्री अध्यावधिक भएको सुनिश्चित गर्नेछ। | व्यवस्थापन गर्ने।<br>२. सहजकर्ताहरूको लागी आधारभूत तथा पूणर्ताजगी तालिम दिने।<br>३ बालविकास केन्द्रमा बसाई व्यवस्थापन गर्ने सकाई स्रामग्रिकको व्यवस्था गर्ने<br>४. बाल विकास केन्द्रका सहजकर्ताहरूको विषयगत मासिक त्रैमासिक कार्य सल्लाह होस्टे राख्ने छ<br>५. अवलोकन भ्रमण गर्ने।<br>६. बालविकास केन्द्रको पाठ्यक्रम अनुसार वार्षिक मासिक तथा दैनिक कार्ययोजना तथा कार्यतालिका तयार गरी सोही अनुसार सिकाई क्रियाकलाप गर्ने<br>७. बालविकासको व्यक्तिगत क्षमता  पहिचान गरी स्थानीय भाषामा सिकाई क्रियाकलाप गर्ने।<br>८. कक्षा कोठा भित्र र बाहिर खेल सामग्रीहरुको व्यवस्था गर्ने ।<br>९. अभिभावक शिक्षा सञ्चालन गर्ने<br>१०.बालविकास केन्द्रको नियमित अनुगमन तथा सहयोग।<br>११. बालविकास केन्द्रका पदाधिकारीलाई तालिम तथा बैठक संचालन गर्ने ।<br>१२. बालविकासको गतिविधिहरूको बारेमा अभिभावकलाई जानकारी दिने।<br>१३. बाल विकास केन्द्रको अभिलेख अद्यावधिक गर्ने।<br>१४ उत्कृष्ट बालविकास केन्द्र एवं सहजकर्ता लाई पुरुस्कृत गर्ने। | | ा/सहजकर्ता | पहिलो |

**खण्ड २.४ बालविकास केन्द्र र पूर्वप्राथमिक केन्द्रहरूको चुनौती कम गर्न प्राथमिकतामा राखिएका कार्यक्रमहरूको आर्थिक वर्ष २०७७/०७८ को लागत अनुमान :**

| कार्यक्रम | कार्यविधि | अनुमानित लागत | जिम्मेवार निकाय | समता रणनीतिको पाटो |
|---|---|---|---|---|
| १. नयाँ बालविकास केन्द्र खोल्न अनुमति दिने | बालविकास केन्द्र नभएका विद्यालय र मदरसामा नयाँ बालविकास केन्द्र खोल्न अनुमति दिने | | | |
| २. अभिभावक शिक्षा | बालविकास केन्द्रका अभिभावकहरूलाई अभिभावक शिक्षा अभिमुखीकरण कार्यक्रम गर्ने | | | |
| ३. सघन भर्ना अभियान | बालविकास केन्द्र उमेरसमूहका बालबालिकाको पहिचान गरी स्थानीय बाल क्लब युवा कलव नगरक्षेत्रमा कार्यरत संघ/संस्थाहरुलाई पहिचान गरि भर्ना अभियान चलाउने | | | |
| ४. विद्यालयको पहुँच नभएका प्रारम्भिक बालबालिकाहरुलाई वैकल्पिक सिकाई केन्द्रमा सिकाईएको अवसर प्रधान गर्ने । | वैकल्पिक बालविकास केन्द्र भएका विद्यालय र समुदायमा बालविकास सहजकर्ताको व्यवस्था गर्ने | | | |
| ५.बालविकास केन्द्रको सहजकर्ताको लागि तालिम । | आवश्यकताको अधारमा दक्ष प्रशिक्षकको व्यवस्था गरी तालिम सञ्चालन गर्ने | | | |
| ६. बालविकास केन्द्रलाई सिकाई कोठाको रुपमा विकास गर्ने । | बालविकास केन्द्रका कक्षाकोठाको भित्ताहरूमा चित्रहरू अक्षर शब्द गरी कक्षा कोठा सजाउने खेलकुद सामग्री व्यवस्था गर्ने | | | |
| ७.उत्कृष्ट बालविकास केन्द्र एवं सहजकर्तालाई पुरुस्कृत गर्ने । | अवलोकन गरे उत्कृष्ट आधारमा बालविकास केन्द्र तथा सहकर्तालाई पुरुस्कृत गरी प्रशारण गर्ने | | | |
| ८. बालविकास केन्द्रको अभिलेख अध्यावधिक गर्ने । | विधार्थी विवरण शैक्षिक अवस्था जिन्सी सामग्री  व्यवस्थापन गरेर राख्न | | | |
| **जम्मा** | | | | |

## खण्ड २.५ कार्यान्वयन भएका कार्यक्रमहरूको उपलब्धता मापन गर्ने अनुगमनका सूचकहरू :

| साधन | कार्यक्रम | हालको शैक्षिक सुचक | परिवर्तन हुने शैक्षिक सुचक | समता रणनीति पाटो |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## २.६ बालविकास केन्द्र, पूर्वप्राथमिक केन्द्र, लक्षित मुख्य कार्यक्रमहरु तिनको लागत विवरण र कार्यक्रमहरूले सम्बोधन गर्ने समता रणनीतिको तीनवटा पाटाहरु :

बालविकास केन्द्र र पूर्वप्राथमिक केन्द्र तहमा जाने उमेरका बालबालिकाहरुको जनसङ्ख्याको तुलनामा बालविकास केन्द्रको संख्या न्यून रहेकोले बालविकास केन्द्रको स्थापना गर्ने अभिलेख अध्यावधिक गर्ने स्थापना भएका केन्द्रलाई सिकाई केन्द्रको रुपमा स्तरोन्नति गर्ने सहजकर्ताहरूको क्षमता अविवृद्धि गर्ने साथै विद्यालयमा ती बालबालिकाहरूको पहुँच तथा सहभागिता अभिवृद्वि गर्नको लागी अभिभावकहरुमा चेतना वृद्धि गर्ने क्रियाकलापहरु सञ्चालन गर्न योजना रहेको छ । योजना सञ्चालनकालागि यस आ.व. मा अनुमानित लागत रु.५,४०,०००।- (अक्षरेपी पाँच लाख चालिस हजार मात्र) को योजना रहेको छ । बालविकास केन्द्र र पूर्वप्राथमिक केन्द्र तहमा जाने उमेर समूहका बालबालिकाहरूको यस योजनाले संस्थाको तीन वटै पाटोको पहुँच, सहभागिता र सिकाई उपलब्धीमा सहयोग गर्नेछ ।

# अध्याय-३ आधारभूत तह शिक्षा

## खण्ड ३.१ आधारभूत तहको विद्यमान अवस्था :

शैक्षिक सत्र २०७७ को तथ्यांक अनुसार यस नगरपालिकामा आधारभूत तह सञ्चालित विद्यालयहरु २२ वटा रहेका छन् । जसमा कक्षा (१–८) संचालित ४ वटा र सो भन्दा तल २० वटा रहेको छन । सबै वडामा आधारभूत तह संचालित रहेका छैन । सोही कारणले बालबालिकाहरू विद्यालय भन्दा बाहिर रहेका छन ।

## खण्ड ३.२ स्थानीय तहमा भएका आधारभूत तहको समस्या र चुनौतिहरु :

१. सबै बालबालिकाहरुलाई आधारभूत तहको पहुँच नहुनु

२. भएका विद्यालयहरुमा शिक्षक संख्या कम हुनु

३. विद्यालयहरूमा शैक्षिक सामग्रीको अभाब रहनु

४. विद्यालयमा विधार्थी भर्ना प्रभावकारी नहुनु

५ विद्यालयमा भर्ना भएपनि बालबालिकाहरुले विचैमा कक्षा छाड्ने गरेका

६ आवश्यक भौतिक संरचनाको अभाब हुनु

७. नियमित विद्यार्थी उपस्थिति नहुनु

८. कम शिक्षक भएका विद्यालयमा निजी स्रोतका शिक्षक भर्ना गर्ने स्रोत नहुनु

९. आधारभूत कक्षा (६–८) सञ्चालित विद्यालयहरूको संख्या अति कम हुनु

उद्देश्यहरु:

१. बालबालिकाहरुलाई आधारभूत शिक्षाको पहुँचमा सुनिश्चित गर्ने,

२. आधारभूत तहको शिक्षालाई निःशुल्क अनिवार्य बनाउने ।

# खण्ड ३.३ रणनीति र कार्यक्रम

आधारभूत तहको चुनौतीहरुलाई कार्यान्वयन गर्न अपनाइएका रणनीति तरिका तथा कार्यक्रमहरु :

| रणनीति | तरिका कार्यविधि | कार्यक्रम | समता रणनीतिको पाटो | लक्षित समुह | प्राथमिकता |
|---|---|---|---|---|---|
| नगरक्षेत्र भित्रका आधारभूत तह पुरा गरेका सबै बालबालिकालाई निशुल्क माध्यमिक तहको शिक्षामा पहुँचको सुनिश्चित गर्ने | १. नगरक्षेत्रमा भित्रका विद्यालय उमेर समूहका विद्यालय मदरसा नगएका बालबालिकाको पहिचान गरी आधारभूत तहको शिक्षाको पहुँचमा पुर्याइनेछ ।<br>२. आधारभूत तहको विद्यालय शिक्षाबाट बञ्चित बालबालिकाका लागि विशेष कक्षा संचालन गरी आधारभूत तहको शिक्षामा पहुँच पुर्याइनेछ<br>३. विद्यालय पहुँच भन्दा बाहिर रहेका बालबालिकाको पहिचान गरी वैकल्पिक शिक्षाको व्यवस्था गर्नेछ<br>४. फरक क्षमता भएका बालबालिकाहरुलाई आधारभूत तह सम्मको निःशुल्क तथा अनिवार्य शिक्षाको मूलधारमा समाहित गर्नेछ । | १.विद्यालय भन्दा बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन गरेर सघन भर्ना अभियान चलाउने<br>२.अपांग, विपन्न परिवार, मुस्लिम समुदायका बालबालिकालाई शैक्षिक सामग्री सहयोग गर्ने<br>३.बालबालिकाको तथ्यांकको आधारमा बैकल्पिक शिक्षा चलाउने<br>४.मदरसामा दिवा खाजा व्यवस्था गर्ने<br>५.शिक्षाको मूलधारबाट बाहिर रहेका मदरसालाई मुलप्रवाह गर्ने<br>६.वैकल्पिक सिकाई केन्द्र, समुदायिक सिकाई केन्द्रलाई विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याउन विशेष जिम्मेवार बनाउने | | | |
| नगरक्षेत्रभित्र सञ्चालित विद्यालय मदरसाको शिक्षा निःशुल्क र अनिवार्य गर्ने | १. शिक्षक विद्यार्थी अनुपातमा शिक्षक दरबन्दी व्यवस्था गरेर शिक्षा कार्यमा सुधार मिलाइनेछ ।<br>२. गरिब परिवारका बालबालिकाहरुलाई पठनपाठन को लागि लगानी वृद्धि गर्ने<br>३. आधारभूत तहका कक्षामा आउने बिपन परिवारका बालबालिकाहरुलाई शैक्षिक सामग्री व्यवस्था गर्न<br>४.बालमैत्री वतावरण सृजना गर्नेछ । | १.सबै विधार्थीहरुलाई निशुल्क पाठ्यपुस्तक उपलबध गराउने<br>२.शैक्षिक सामग्री तथा अभ्यास पुस्तिकाको व्यवस्थापन गर्ने ।<br>३.विद्यालयमा आउने बालबालिकालाई आवश्यक शैक्षिक सामग्री जस्तै सिसाकलम, कॉपी, झोलाको व्यवस्था गर्ने<br>४. विद्यालयसम्मको पहुँच नभएका बालबालिकाहरुलाई बैकलपिक सिकाई केन्द्रहरुबाट वा समुदायिक सिकाई | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | ५.प्रारम्भिक पढाई सीप कार्यक्रम सबै विद्यालयमा संचालन गरी पठन सिप र सिकाई उपलब्धीमा सुधार गर्नेछ ।<br>६. वालमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने । | केन्द्रबाट शिक्षण सिकाईको अवसर मिलाउने<br>५. बालबालिकाहरुलाई आफ्नो मातृभाषामा पढने र पठाउने व्यवस्था मिलाउने । | | | |
| सबैखाले हिंसा तथा शोषणलाई अन्त्य गरी विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने । | १. घर परिवार र विद्यालय मदरसा शारीरिक मानशिक र अन्य किसिमका शोसण र हिंसाबाट मुक्त गर्दै बालसहभागीता प्रवर्द्धन गर्नेछ ।<br>२.विद्यालयमा समुदायको सहभागिता अभिवृद्धि गर्नेछ । | १. विद्यालय व्यवस्थापन समिति शिक्षक तथा विद्याथीहरूको आचारसहिंनता बनाई कार्यान्वयनमा ल्याउने ।<br>२.बालबिबाह र शोषणका विषयमा सचेतना जगाउने<br>३. विद्यालयका हरेक गतिबिधिहरुमा बालसमुहका प्रतिनिधिहरुलाई आमन्त्रण गर्ने । | सहभागिता | बालबालिका | |
| विद्यालयमा सुशासन कायम गरी अभिभावकहरूको सहभागिता अभिवृद्धि गर्ने | १. विद्यालयका हरेक क्रियाकलाप र गतिविधिमा अभिभावकहरूको सहभागिता अभिवृद्धि गरिने छ ।<br>२. हरेक विषयमा अभिभावकहरूबाट अनुमोदन गरिसकेपछि कार्यान्वयनमा लाग्ने व्यवस्थाको अनुमोदन गर्नेछ । | १.समाजिक परीक्षण गर्ने ।<br>२. प्रत्येक वर्ष सार्वजनिक सुनुवाई गर्ने ।<br>३. विद्यालयमा ई-हाजरीको व्यवस्था गर्ने ।<br>४. नगरपालिकाबाट नियमित अनुगमन तथा सुपरीवेक्षणको व्यवस्था गर्ने । | उपलब्धि | अभिभावक | |

# खण्ड ३.४ आधारभूत तहको चुनौती कम गर्न प्राथमिकतामा राखिएका कार्यक्रमहरूको आर्थिक वर्ष २०७७/७८ लागत अनुमान

| कार्यक्रम | प्रति युनिट लागत | कार्यविधि | अनुमानित लागत | जिमेवार निकाय | समता रणनीतिको पाटो | ESIP |
|---|---|---|---|---|---|---|
| १.विद्यालय बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन गर्ने । | ८३३३९ | बालविकास सहजकर्ताहरुलाई परिचालन गरी विद्यालय भन्दा बाहिर रहेका बालबालिकाको तथ्यांक संकलन गर्ने । | ८९,०००।- | न.पा. | पहुच | ESIP |
| २. बिपन्न परिवारका दलित, मुस्लिम, समुदायका बालबालिकाहरुलाई शैक्षिक सामग्री सहयोग । | ५५५५९ | नगरपालिका भित्र रहेका आर्थिक रूपले विपन्न, दलित र मुस्लिम समुदायका विद्यालय भन्दा बाहिर रहेका बालबालिकालाई आवश्यक्ताको आधारमा शैक्षिक सामग्री उपलब्ध गराउने । | १,५०,०००।- | न.पा. | सहभागिता | ESIP |
| ३. बालबालिकाको तथ्यांकको आधारमा उनीहरुलाई पायक पर्ने ठाउँमा वैकल्पिक सिकाई कार्यक्रममा चलाउन | २२२२२ | विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुलाई पायक पर्ने ठाउँमा आवश्यक बैकल्पिक सिकाई केन्द्रमा सामुदायिक सिकाई केन्द्रमा सहजकर्ता भर्ना गरी कक्षा संचालन गरी उनीहरूको सक्षमताको आधारमा आधारभूत तहको शिक्षामा समाहित गर्ने | ३,४०,०००।- | न.पा. | पहुच | ESIP |
| ४. मुस्लिम समुदायका विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुलाई वैकल्पिक सिकाईका माध्यमबाट सिकाइ अवसर प्रधान गर्ने | २७७७७ | नगरपालिका भित्र रहेका २ वटा मदरसामा भौतिक र शैक्षिक सामग्री वितरण गरी विद्यालय भन्दा बाहिर रहेका मुस्लिम समुदायका बालबालिकाहरुलाई सिकाई प्रबर्धन गर्न सहयोग गर्ने । | १,५०,०००।- | न.पा. | पहुच | ESIP |
| ५.सजाय तथा हिंसाले पार्ने असरको बारेमा सचेत गरी भयरहित बालमैत्री शिक्षण गर्ने | ६६६६ | शिक्षक, अभिभावक तथा सरोकारबालाहरुलाई बालबालिकालाई सजाय तथा हिंसाले पार्ने असरको बारेमा सचेत गरी सुरक्षित विद्यालय निर्माण गर्ने । | ९५,०००।- | न.पा. | सहभागित | |
| ६. बाल समूह गठन तथा परिचालन | ६४४५ | बालबालिकालाई वालअधिकार तथा बालसमूह व्यवस्थापन सम्बन्धी अभिमुखिकरण संचालन गर्ने बालसमूह गठन गरी काम कर्तव्य र अधिकारको बारेमा सचेत पार्ने । | ८९,०००।- | न.पा. | सहभागित | |
| ७. बालबिबाह तथा बालशोषणको विषयमा सचेतना जगाउने | ५५५६ | बालबिबाह तथा बालशोषणको विरुद्धमा विभिन्न.सन्देशहरु प्रवाह, बैठक, गोष्टी संचालन गर्ने । | ९०,०००।- | न.पा. | सहभागित | |
| ८. नगरपलिकाको निमार्ण गर्ने । | ५५५६ | नगरपालिकाबाट कार्ययोजना बनाई लागु गर्ने । | ९०,०००।- | न.पा. | सहभागित | |
| ९. विपन्न परिवारका | ७९२२५३ | अति जोखिम अवश्कतामा रहेका बालबालिकालाई सामग्री र | ३,४०,०००।- | न.पा. | सहभागिता | ESIP |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बालबालिकाहरुलाई आवश्यक शैक्षिक सामग्री र छात्रवृत्तिको व्यवस्था गर्ने । | | छात्रवृत्तिको व्यवस्था गरी सिकाईमा निरन्तरता दिन प्रोत्साहन दिने । | | | | |
| १०. विद्यालय तथा वैकल्पिक सिकाई केन्द्रमा सहजकार्तालाई अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रम राख्ने । | ७९२३७९ | बालबालिकाकों सिकाईमा उत्साह ल्याउन, निरन्तरता, सकाई पुरा गर्न वैकल्पिक सिकाई केन्द्रमा पुनरताजगी मूलक अन्तरक्रिया गर्ने । | ३,३०,०००।- | न.पा. | सहभागिता | ESIP |
| ११. प्रारम्भिक बालबालिकाहरुलाई अभ्यास गर्ने पुस्तक सामग्री वितरण गर्ने । | ७९२१९० | सिकाईलाई दिगो बनाउन विद्यालय भन्दा बाहिर रहेका बालबालिकाहरुलाई अभ्यास् पुस्तिका, सामग्री वितरण गर्ने । | ३,९०,०००।- | न.पा. | सहभागिता | ESIP |
| १२. हरेक कक्षामा पुस्तकको व्यवस्था गर्ने । | | बालबालिकालाई सिकाई लाई दिगो बनाउन विभिन्न किसिमका वालपुस्तकहरुको व्यवस्था गर्ने । | १,८३,०००।- | न.पा. | पहुँच | |
| **जम्मा** | | | **२३,३६,०००।-** | | | |

## खण्ड ३.५ कार्यान्वयन भएका कार्यक्रमहरुको उपलब्धि मापन गर्ने अनुगमनका सूचकहरु : :

| साधन | कार्यक्रम | हालको शैक्षिक सूचक | परिवर्तन हुने शैक्षिक सूचक | समता रणनीतिको पाटो |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## खण्ड ३.६ आधारभूत तह लक्षित मुख्य कार्यक्रमहरु, तिनको लागत विवरण र कार्यक्रमहरुले सम्बोधन गर्ने समता रणनीतिको तिन वटा पाटाहरू :

आधारभूत तहमा जाने उमेर समूहका बालबालिकाहरु बिद्यालय पहुँच भन्दा बाहिर अझै पनि बाहिर रहेको र उनीहरुको विद्यालय बीचमै छाड्नेहरुको संख्या पनि उच्च रहेको हँदा उनीहरुलाई लक्षित गरी अभिभावक सचेतना, यकीन तथ्यांक र समस्याहरुको पहिचान, आर्थिक रुपमा विपन्न परिवारका बालबालिकाहरुलाई आवश्यक शैक्षिक सामग्री र छात्रवृत्तीको व्यवस्था गर्ने, बैकल्पिक सिकाई केन्द्र सञ्चालन जस्ता कार्यक्रमहरू थप गरिएको छ । आधारभूत तहमा जाने उमेर समूहका बालबालिकाहरुको यस योजनाले समताकों तीनवटा पाटो पहुँच, सहभागिता र सिकाई उपलब्धिमा सहयोग गर्नेछ ।

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७७/११/१८ गते**

**आज्ञाले,**
**श्याम किशोर राय**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

**कविलासी नगरपालिकाद्वारा प्रकाशित** **मूल्य रु. १०/-**